# आर्थिक बर्ष २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रमहरु

लुम्बिनी साँस्कृतिक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी रुपन्देही

लुम्बिनी साँस्कृतिक नगरपालिकाको तर्फबाट नगरकार्यपालिकामा प्रस्तुत नीति तथा कार्यक्रम, नगरप्रमुख श्री सजरुद्दिन मुसलमानज्यूबाट प्रस्तुत गरिएको आ.ब. २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रम ।

**(क) शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. नगर शिक्षा विकास कोषलाई निरन्तरता दिई बिद्यालयहरुमा सिकाइ सहजीकरणका लागि स्वयमसेवक शिक्षकको व्यवस्था गरिनेछ ।

२. शिक्षाको जगलाई बलियो बनाउनको लागि बाल विकास सहजकर्ताहरुका लागि सीप विकास तालिमको व्यवस्था गरिनेछ ।

३. सबै माध्यमिक विद्यालयहरुमा वेभसाइट निर्माण गरी सञ्चालन गरिनेछ । अन्य विद्यालयहरुमा विद्यालयका अभिलेखहरुलाई डिजिटलाइज्ड गरी विद्युतीय पठनपाठन प्रकृयालाई प्रोत्साहन गरिनेछ ।

४. विद्यालयको सूचना प्रणालीलाई प्रभावकारी र सशक्त तुल्याउनका लागि इमिस तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ ।

५. सामुदायिक तथा धार्मिक विद्यालयहरुमा व्यवस्था हुँदै आएको दिवा खाजामा गुणस्तरीयता तथा एकरुपता कायम गर्न नगरस्तरीय खाजा मेनु तयार गरी कार्यान्वयन गरिनेछ ।

६. सामुदायिक सिकाइ केन्द्रलाई संघीय निर्देशिका बमोजिम तथ्याङ्क संकलन, साक्षारता तथा क्षमता विकास क्षेत्रका कार्यक्रममा क्रियाशिल बनाइनेछ ।

७. नगरभित्रका विद्यालयहरुमा शैक्षिक डायरी र शैक्षिक पात्रो निर्माण गरी शैक्षिक गतिबिधिमा एकरुपता कायम गरिनेछ ।

८. स्थानीय पाठ्यक्रम निर्माण गर्दा तहगत रुपमा कक्षा १ देखि ५ र कक्षा ६ देखि ८ को निर्माण कार्य अगाडि बढाइनेछ । पाठ्यक्रम निर्धारण गर्दा उर्दु भाषालाई समेत समावेश गरिनेछ ।

९. विद्यार्थीहरुमा रहेका अन्तरनिहित प्रतिभाहरुको विकास गर्न नगरस्तरीय चित्रकला, कविता लेखन, निवन्ध लेखन, वक्तृत्वकला, नृत्य, गायन तथा हाजिरीजवाफ प्रतियोगिताहरुको आयोजना गरिनेछ ।

१०. शिक्षाको गुणस्तर शिक्षकको गुणस्तर भन्दा माथि हुन नसक्ने मान्यतालाई आत्मसात गरी सामुदायिक विद्यालयको रुपान्तरणको लागि उत्प्रेरित एवम् समर्पित शिक्षक भन्ने नाराका साथ शिक्षकहरुलाई पेसाप्रति र विद्यार्थीलाई अध्ययन प्रति समर्पित बनाउन स्थानीय तहबाट उत्प्रेरणामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. सामुदायिक,धार्मिक र संस्थागत विद्यालयहरुबीच एक आपसमा सफल सिकाई अभ्यासहरुलाई सहयोगात्मक गतिविधि आदान-प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. सम्पूर्ण प्रधानाध्यापकहरुको सहभागितामा राष्ट्रिय स्तरमा उत्कृष्ट ठहरिएका विद्यालयहरुको अवलोकन भ्रमण गरी असल अभ्यासहरुलाई विद्यालयहरुमा अनुकरण गर्ने गराउने उद्देश्यका साथ शैक्षिक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. केन्द्रिय नीति अनुरुप बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक र सुविधा समायोजन गरिनेछ ।

१४. "स्वच्छ विद्यालय स्वस्थ विद्यार्थी" भन्ने मान्यताका साथ विद्यालयको शौचालय सरसफाइका लागि पूर्णकालीन सफाइकर्मी वा घुम्ती सफाइकर्मीको आवश्यक व्यवस्था गरिनेछ ।

१५. नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको परीक्षामा एकरुपता कायम गरी विश्वसनीय, वैध तथा विशिष्टिकरण तालिका बमोजिम परीक्षा सञ्चालन गर्ने हेतुले विद्यालयका शिक्षकहरुलाई प्रश्नपत्र निर्माणल सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ ।

१६. नगरपालिकाका प्रत्येक विद्यालयहरुमा पुस्तकालयको प्रवर्द्धन गरिनेछ।

१७. वातावरणीय तथा सौन्दर्यता पूर्ण विद्यालय निर्माणका लागि एक विद्यालय एक बगैचाको अबधारणाका साथ क्रमशः प्रत्येक विद्यालयमा लागू गरिनेछ।

१८. नगरपालिका क्षेत्र भित्रका प्रधानाध्यापकहरुको शिक्षा नियमावली बमोजिम आवधिक रुपमा हेरफेरको प्रबन्ध मिलाइनेछ ।

१९. यस नगरपालिकाका मदरसामा आवश्यक शिक्षकको प्रबन्ध मिलाइनेछ ।

२०. विद्यालय र शिक्षकहरुलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखिनेछ साथै शिक्षक शिक्षिकाहरुलाई राजनीतिमा भाग लिने, राजनीतिक गतिबिधिमा संलग्न रहने अवस्थालाई निरुत्साहन गरिनेछ ।

**(ख) युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुद क्षेत्रको विकासका लागि आवश्यक कानुन निर्माण तथा रणनीति तयार गरी नगर खेलकुद विकास समिति गठन गरिनेछ ।

२. नगरपालिका भित्रका साहित्य, कला र संस्कृतिका लागि समिति गठन गर्ने कार्यलाई अगाडि बढाइने छ ।

३. लुम्बिनी साँस्कृतिक नगरपालिकाभित्र युवा सशक्तिकरणका निम्ति युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सामुदायिक सिकाई केन्द्रलाई सामुदायिक मनोरञ्जनस्थल र चेतना प्रवाह केन्द्रको रुपमा समेत विकास गरिनेछ ।

५. नगरस्तरीय मेयर अन्तर विद्यालय खेलकुद कार्यक्रम र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई नियमित रुपमा सञ्चालन गरिनेछ ।

**(ग) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१) प्रत्येक वडामा आधारभूत स्वास्थ्य केन्द्रहरूको स्थापनासाथै कर्मचारी व्यवस्थापन गरिनेछ। आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ ।

२) सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्तिको व्यवस्था गरी कार्य सम्पादन सूचकका आधारमा नियमित अनुगमन र मुल्याङ्कन गरिनेछ।

३) नगरपालिका भित्र रहेका सबै नागरिकहरुलाई स्वास्थ्य बीमाको पहुँचमा ल्याउने गरीसचेतनामूलक कार्यक्रम कार्यान्वयन गर्दै प्रचारप्रसार सहित विमा कार्यक्रम लागु गर्न सम्बन्धित निकायमा पहल गरिनेछ। साथै गरिव परिचय पत्रका आधारमा एक घर एक सदस्यलाई निशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ ।

४) आँखा परीक्षण, पाठेघरको क्यान्सर लगायतका रोगहरुको समयमै पहिचान र निदानका लागि घुम्ती स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ। मोतिविन्दु भएकाहरुका लागि **निःशुल्क अपरेसनको** व्यवस्था मिलाइने छ ।

५) खोप, परिवार नियोजन, क्षयरोग, कुष्ठरोग तथा पोषण साथै अन्य कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

६) नगरपालिकालाई **शुन्य होम डेलीभरी (Zero Home Delivery )**को रूपमा घोषणा गराउनकालागि आमा सुरक्षाकार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै गर्भवती र सुत्केरी आमाहरूकालागि नेपाल सरकारले तोकेको आमा सुरक्षा सम्बन्धी प्रोटोकल अनुसारको चारपटकको जाँच र स्वास्थ्यल संस्थामा डेलीभरी हुने आमाहरूकालागि **सुत्केरी पोषण झोला वितरण कार्यक्रम** सञ्चालन गरिनेछ ।

७) गर्भवती आमाहरुलाई गर्भवती भएको तीन महिना पूरा भए देखि स्वास्थ्य सँस्थामार्फत् निशुल्क क्याल्सियम चक्की वितरणको व्यवस्था मिलाइनेछ।

८) लुम्बिनी सांस्कृतिक नगरपालिकामा सञ्चालनमा रहेको एउटा मात्र चौबिस घण्टेप्रसुती सेवालाई अन्य थप स्वास्थ्य संस्थाहरूमा **वर्थिङ सेन्टर** ( **Birthing Center** )का रुपमानिर्माण गरी विस्तार गरिनेछ।

९) ज्येष्ठ नागरिक, बालबालिकातथा महिलाहरुकाल लागि स्वास्थ्य शिविर सन्चालन गरी विशेषज्ञ सेवा प्रदान गरिने छ ।

१०) नगरपालिकाभित्र कार्यरत सबैमहिलास्वास्थ्यस्वयमसेविकाहरूलाई समान रुपमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक बिदाई गर्न आवश्यक रकमको व्यवस्था मिलाइनेछ।

११) सबै स्वास्थ्य संस्थाहरूमा नियमितरूपमा वर्ष भरी नै अति आवश्यक औषधिहरूको निःशुल्क वितरणको व्यवस्था गरिनेछ।

१२) सरकारी तथा गैह्रसरकारी संस्थाहरुको समन्वयमा विभिन्न किसिमका सर्ने तथा नसर्ने रोगहरुको बारेमा सचेतना कार्यक्रम, सुरक्षात्मक कार्यक्रम र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३) सबै स्वास्थ्य संस्थाहरुमा शुद्ध खानेपानी तथा फोहोरमैला व्यवस्थापनको लागि वडा कार्यालयहरु मार्फत बजेटको व्यवस्था मिलाइनेछ ।

१४) सबै स्वास्थ्य संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान रकमको व्यवस्था गरिनेछ।

१५) सञ्चालित कार्यक्रमहरूको सूचकमा आधारित मासिक/चौमासिक समीक्षा गरी कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्ने व्यवस्था मिलाइनेछ।

१६) नगर कार्यपालिका कार्यालय तथा सबै स्वास्थ्य संस्थाहरूमा औषधि भण्डारण तथा अन्य उपकरण व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

१७) प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत प्रसुती सेवाप्रदायकहरूलाई रात्रिकालीन र जोखिम भत्तालाई निरन्तरता दिइनेछ।

१८) ७० वर्षमाथिका जेष्ठ नागरिकलाई स्वास्थ्यकर्मीद्वारा घरदैलो स्वास्थ्य जाँच तथा उपचारकार्यक्रम हरेक ४ /४ महिनामा सञ्चालन गरिनेछ।

१९) नगरपालिका अन्तर्गतका सम्पूर्ण मधुमेह र उच्च रक्तचापको विरामीहरुको लामि निशुल्क औषधि उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

२०) २ बर्ष सम्मका वालबालिकाहरुको वृद्धि अनुगमन कार्यक्रम हरेक ३/३ महिनामा सन्चालन गरिनेछ । पुर्ण सुपोषित बच्चाहरुलाई मुल्याङ्कनका आधारमा पुरस्कृत गर्ने र कम तौल भएका कुपोषित बच्चाहरुका लागि**बाल पोषण झोला** वितरणको व्यवस्था मिलाइनेछ ।

२१) सम्पूर्ण स्वास्थ्यसंस्थाहरूलाई किशोर किशोरीमैत्री स्वास्थ्य संस्था बनाउन आवश्यक पहल गरिनेछ ।

२२) नगरपालिकालाई पूर्णखोप सुनिश्चितता र दीगोपनाका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२३) **विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई** प्रभावकारीरूपमा सञ्चालन गरिनेछ। साथै विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुको त्रैमासिक रुपमा स्वास्थ्यकर्मीहरुद्वारा निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ।

२४) सबै स्वास्थ्य संस्थाहरुलाई सुचना प्रविधिमैत्री वनाउन आवश्यक पर्ने स्रोत र साधनको व्यवस्था मिलाइनेछ।

२५) स्वास्थ्य संस्थाहरुको भवन मर्मत सम्भार तथा आवश्यकताको आधारमा कोठा थपको व्यवस्था मिलाइनेछ।

२६) नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट संचालित खोप क्लिनिक तथा गाउँघर क्लिनिक भवन निर्माण कार्य क्रमशः विस्तार गर्दे लगिनेछ।

२७) सुत्केरी हुने आमाहरुलाई घरबाट बर्थिङ सेन्टरसम्म ल्याउन र रिफर गर्नुपर्ने आमाहरुका लागि रुपन्देही जिल्ला भित्रका अस्पताल सम्म पुर्याउन **निःशुल्क एम्बुलेन्स सेवा** प्रदान गरिनेछ।

२८) लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्रमा संचालनमा रहेको ल्याव सेवा अन्य स्वास्थ्य संस्थाहरुमा पनि क्रमशः विस्तार गर्दै लगिनेछ।

२९) यस नगरपालिका भित्र रहेको आरोग्य सेवा केन्द्रको लागि आवश्यक आयुर्वेदिक औषधि तथा अन्य सामग्रीको व्यवस्था गरी आरोग्य सेवा केन्द्रको सेवालाई निरन्तरता दिइनेछ ।

३०) यस नगरपालिका भित्र रहेका एच. आई.भी.पोजेटिभ भएकाहरूको लागि पोषण सामग्री बितरण तथा पोजेटिभ बच्चाहरूको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

३१) नगरपालिकाको आइ वि एस मा आ.व. ०८०।८१ देखि फ्रि डाइलसिस सेवा उपलब्ध गराईनेछ ।

३२) सर्प दम्सका विरामीहरुलाई फ्रि एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

३३) गाउँमा संचालनमा रहेका मादक पदार्थ विक्री वितरण गर्ने होटल तथा रेस्टुरेन्ट र पसलहरु राति ८ बजेपछि बन्द गर्नुपर्नेछ अन्यथा कानून बमोजिमको कारवाही गरिनेछ ।

३४) यस नगरपालिका क्षेत्रका विद्यालय, सरकारी कार्यालयहरु, मठ मन्दिर, मदरसा, मस्जिद लगायतको ५०० मिटर भित्र पान, गुड्खा, मदिरा, सुर्तिजन्य पदार्थ बिक्री वितरण गर्न नपाइने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

**(घ) पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१) यस नगरपालिकाको व्यवस्थित एवम दिगो विकासका लागिनगर **विकास गुरुयोजना(Municipal Development Master Plan)** तर्जुमा गरी स्मार्ट सिटीको अवधारणा अनुरुप विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

२) नगरपालिकाबाट घोषणा भएका **नगर स्तरीय गौरवका आयोजनाहरु(Municipal Pride Projects**)कार्यान्वयनका लागि आवश्यक बजेट र जनशक्तिको व्यवस्था गरिनेछ।

३) नगरपालिका क्षेत्र भित्र सडक ढलान कार्य RMC एवं कालो पत्रे गर्ने कार्य ASPHALT प्रविधिको प्रयोग गरी मात्रै गरिनेछ ।

४) योजनाहरुको लागतअनुमान, मूल्यांकन, नापि,कार्यसम्पन्न प्रतिवेदन सबैले बुझ्ने गरी नेपाली भाषामा लागु गरिनेछ ।

५) उपभोक्ता समितिबाट हुने निर्माण कार्यको हकमा योजनागत रुपमा नम्बरिङ्गतथा कोडिङ्ग सिस्टम (Numberingand coding System ) लागु गरी प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

६) शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ को पुर्ण रुपमा कार्यान्वयन गरिनेछ । यो मापदण्ड निर्माण हुनुभन्दा पहिला निर्माण भएका घरहरुको अभिलेखिकरण गरी अव निर्माण हुने भवनहरु नक्सापास विना बनाउन नपाउने नीतिलाई निरन्तरता दिईनेछ ।

७) नगरपालिकाभित्र रहेका मुख्य सडक, चोक एवम् महत्वपुर्ण स्थानहरुमा विश्राम स्थल तथा सार्वजनिक शौचालय निर्माणका लागि गुरुयोजना बनाइ काम अगाडि बढाइनेछ ।

८) कमजोर सडकहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नती गरिनेछ।यसको लागि एक **मरम्मत सम्भार कोष** स्थापना गरिनेछ र कार्यविधि बनाएर खर्च गर्नु पर्नेछ|

९) आयोजनाको दिगोपना, प्रभावकारीता, मितव्ययिता र कार्यकुशलता कायम गर्न मागमा आधारीत सहभागितामूलक योजना छनौट तथा कार्यान्वयन प्राणालीको अवलम्बन गरिनेछ ।

१०) सरकारी तथा निजि भवनहरु भुकम्पीय जोखिमबाट सुरक्षीत बनाउने नीति अवलम्बन गरीनुका साथै सरकारी भवनहरु अपाङ्गमैत्री, वालमैत्री तथा ज्येष्ठ नागरिक मैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

११) पुर्वाधार निर्माणमा विपद जोखिम सम्वेदनशिलतालाई मध्यनजर गरी **विपद उत्थानशिल पुर्वाधार विकासमा** जोड दिइनेछ ।

१२) नगरपालिका भित्रका बस्तीहरुलाई समेट्ने गरी **रिङ्ग रोड ( Ring Road)**को परिकल्पना गरे अनुसार नगरपालिकाभित्र आवश्यक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१३) नगरपालिकाभित्र रहेका विभिन्न ताल पोखरी तथा महत्वपुर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण निर्माण एवम् सुन्दरीकरण गरी व्यावसायिक पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ ।

१४) यस नगरपालिका भित्र रहेका मेन सडक तथा नाली समेत निर्माणका लागि राष्ट्रिय मापदण्ड अनुरुप कम्तीमा २६ फुट सडक कायम गरिनेछ ।

१५) पूराना घना बस्तीहरुका सडकहरु पक्की र ढलान गरिनेछ । हालको अवस्थामा रहेका भित्री सडकहरु सून्दर र पक्की बनाईनेछ ।तर पक्की घर टहरा र पर्खाल बनाउँदा कम्तीमा ४ मि.(१५ फिट) छोडी नगरपालिकाको मापदण्ड अनुसार निर्माण गर्ने प्रक्रिया अगाडि बढाईनेछ ।

१६) सडक निर्माण गर्दा बायोईन्जिनियरिङ्ग तथा वातावरण मैत्री हुने गरी बनाईनेछ ।

१७) यस नगरपालिकाको विभिन्न ठाउँहरुमा पुल तथा कल्भर्टहरु निर्माण गरिनेछ ।

१८) स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकिको भवन निर्माण गरिनेछ ।

१९) नगरपालिकाभित्र रहेका अति विपन्न, गरिव आर्थिक स्थिती कमजोर र विपन्न परिवारलाई अवस्था यकिन गरी खरको छानो भएको परिवारलाई जस्ता पाता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०) नगरपालिकाभित्र रहेका पुराना तथा जिर्ण मन्दिर, मस्जिद, पाटी पौवा आदिको संरक्षण तथा विकास गरिनेछ ।

२१) नगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुबाट सन्चालित खोप क्लिनिक तथा गाउँघर क्लिनिक भवन निर्माण कार्य क्रमश गर्दै लगिनेछ ।

२२) नगरपालिका भित्र रहेका पुराना वडा कार्यालय भत्काई नयाँ कार्यालय भवनको निर्माण गरिनेछ ।

२३) १५ शैय्याको अस्पताल निर्माण आ.व.२०८०/०८१ भित्र सम्पन्न गर्ने गरी कार्य अगाडि बढाइनेछ र संचालनको लागि आवश्यक काम कारवाही गरिनेछ।

२४) नापी नक्सा नभएका क्षेत्रहरुको नापी नक्सा गराई बाटोघाटोको लगत कट्टा गरी सार्वजनिक कायम गरिनेछ ।

२५) एसियाली विकास बैंक (ADB) को आर्थिक तथा प्राविधिक सहयोगमा WesternUrbanCorridorकार्यक्रमअन्तर्गतमधुवनिमा नगर बसपार्क, लिंक रोड, रिंग रोड निर्माण तथा ग्लोबल पार्क निर्माण लगायतका कार्यहरुलाई अगाडि बढाइनेछ।

२६) यस कार्यालयबाट संचालन हुने पुर्बधर समन्धित योजनाहरुको अनुगमन गर्नको लागि भौतिक पुर्बाधार समितको संयोजनलाई समाबेश गर्न निर्णय गरियो।

२७) यस नगरपालिका भित्रजिर्ण अवस्थामा रहेका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुलाई आवश्यक मर्मत सम्भार गरी सुरक्षित रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

**(ङ) सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी वडा सचिव र कम्प्यूटर अपरेटरहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

२) लुम्बिनी साँस्कृतिक नगरपालिका भित्र ८० वर्ष भन्दा माथिको जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

३) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी बैठक,अनुगमन,घटना दर्ता सम्बन्धी बैशाखको पहिलो हप्ता घटना दर्ता सप्ताह मनाइनेछ ।

४) बैंकका पदाधिकारी,वडा अध्यक्ष,वडा सदस्य,वडा सचिवहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता तथा वितरण भत्ता सम्बन्धी तालिम प्रदान गरिनेछ।

५) सामाजिक सुरक्षा घटना दर्ता सम्बन्धी विवरण नियमित आद्यावधिक गरी वेभसाइटमा प्रकाशन गरिनेछ ।

६) वडाका लक्षित बर्गका कार्यक्रमहरु तथा खरिद सम्बन्धी कार्यहरु वडा कार्यालयबाटै सम्झौता तथा कार्यदेश गरी काम गर्ने र सोको बोधार्थ अनिवार्य रुपमा नगरपालिकालाई दिनुपर्नेछ । बोधार्थ नदिई गरिएका लक्षित वर्गका कार्यक्रमहरुको भुक्तानी नहुने व्यवस्था लागु गरिनेछ ।

**(च) भाषा तथा संस्कृति प्रवर्द्धन सम्बन्धी नीति**

१) धर्म संस्कृतिको संवर्द्धन एवं गुम्बा, मठ, मन्दिर, मस्जिद आदिको संरक्षण गर्न नगरपालिका भित्र विगत देखि हुँदै आइरहेका रुमिन्देई माई मेला (महोत्सव), यज्ञ, जलसा, बुद्ध जयन्ति, माघी पर्व (खिचडी महोत्सव) लगायत विभिन्न धार्मिक अनुष्ठानहरु जस्ता धार्मिक, साँस्कृतिक महत्व भएको पर्व, पुजा अर्चना, ब्रत उपवास आदिलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

२) लुम्विनी र लुम्बिनी वरिपरीका पालिकाहरुको संस्कृति प्रवर्दन गर्न विश्वका विभिन्न नगरको संस्कृतिको आदान प्रदान गर्न सम्बन्ध विस्तारको नीति लिइनेछ।

३) लुम्बिनीको स्थानिय स्तरमा रहेका भाषा, गीत, संगीत, कला र संस्कृतिहरुको प्रदर्शन, स्थानीय खाना, पोशाक/पहिरन तथा परम्परागत सीप जस्ता स्थानीय संस्कृतिहरुलाई पर्यटकिय सेवाको रुपमा विकास गरी रोजगारीसँग आवद्ध गरिनेछ ।

४) प्रथा परम्पराका नाममा मानव सभ्यताका लागि अभिश्रापका रुपमा रहेका विकृतिहरु निर्मुल गर्नका लागि विशेष सचेतना मुलक कार्यक्रम सन्चालनमा ल्याईनेछ।

५) लुम्विनी साँस्कृतिक नगरपालिका भित्रका सनातन धर्म संस्कृति एवम धार्मिक पर्यटन पर्वर्धन गर्ने किसिमका बहुवर्षीय ठुला योजनाहरुलाई निरन्तरता दिइनेछ ।

**(छ) संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रम**

१) "शुद्ध बुद्ध ऋषि मन, समृद्ध नगर सुखी नगरवासी हाम्रो अभियान" भन्ने मान्यतालाई आत्मसात गरी नगरपालिकाबाट प्रवाह हुने सेवालाई चुस्त, दुरुस्त,सरल ,सहजर पारदर्शी बनाइनेछ ।

२) नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण ( O and M Survey ) अनुरुप स्विकृत दरवन्दी बमोजिम पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पठाइनेछ ।

३) कर्मचारीहरुलाई कार्य क्षेत्रगत शर्त सहितको जिम्मेवारी प्रदान गरी सोही आधारमा कर्मचारीहरुको कार्य मुल्यांकन एवं कार्य सम्पादनलाई जोडिनेछ ।

४) कामको मुल्याङ्कनको आधारमा उत्कृष्ट कर्मचारी घोषणा गरी सम्मान एवम् पुरस्कारको ब्यवस्था गरिनेछ।

५) जनप्रतिनिधि एवं कर्मचारीको समय सापेक्ष क्षमता अभिवृद्धिको लागि अध्ययन अनुसन्धान तालिम भ्रमण अनुभव साटासाट गर्ने ब्यवस्था मिलाईने छ ।

६) नगरका सम्पन्न गरिएका कार्यक्रम र सेवा प्रवाहको नागरिक संघ संस्था मार्फत सार्वजनिक सुनुवाई सामाजिक परिक्षण लगायतको कार्यलाई निरन्तरता दिईनेछ ।

७) वार्षिक रुपमा नगरपालिकाले गरेका कामहरुको समीक्षात्मक रुपमा वार्षिक /अर्ध वार्षिक समीक्षा कार्यक्रम गरी लिपिबद्ध गर्न पुस्तक प्रकाशन गरिनेछ।

८) नगर क्षेत्रभित्र रहेका दक्ष अनुभवी तथा विभिन्न क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुको सूची तयार गरी नगरपालिकाको विकास र समृद्धिमा उनीहरुको ज्ञान र अनुभवको उपयोग गरिनेछ ।

९) लोकसेवा आयोग सार्वजनिक संस्थान,शिक्षक सेवा आयोग लगायतका प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन क्षमता विकासका लागि लोकसेवा र शिक्षक सेवा आयोगको पाठ्यक्रममा आधारित अभिमूखिकरण कक्षा सन्चालन गरिनेछ ।

१०) पदाधिकारी तथा कर्मचारीहरुलाई सुशासन, विकास तथा सेवा प्रवाहका क्षेत्रमा भएका नवीन अभ्यासहरुबारे जानकारी लिन तथा पठन संस्कृति (Reading Culture) को विकास गर्न नगरमा रहेको पुस्तकालयलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

११) न्यायिक समितिको कार्यसम्पादनलाई नागरिकले न्यायको अनुभुति गर्न पाउने गरी थप प्रभावकारी बनाईनेछ ।

१२) कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालीम र अध्ययन अवलोकन भ्रमणको ब्यवस्था मिलाईनेछ ।

१३) नगरपालिका क्षेत्रभित्र शान्ति सुव्यवस्था अमनचयन एवम् नगर कानूनको कार्यान्वयनलाई थप सहज र प्रभावकारी बनाउन नगर प्रहरी भर्ना गरी परिचालन गरिनेछ ।

१४) नगरपालिका क्षेत्र भित्र शान्ति सुरक्षा कायम गरी अपराधमुक्त समाजको निर्माण गर्न आवश्यक ठाउँमा CCTV क्यामेरा जडान गरी क्यामेराको माध्यम बाट निगरानीको व्यवस्था मिलाईनेछ।

१५) यस नगरपालिकाबाट हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरुलाई आम नागरिकहरुमा सन्चार गराउन पुस्तक तथा मासिक बुलेटिन प्रकाशन गरिनेछ ।

१६) नगर सुशासन कायम गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासनका उपकरणहरुको प्रयोगमा जोड दिईनेछ ।

१७) नगरपालिकामा आउने सेवाग्राहीलाई सेवाप्रवाहमा सहजीकरण तथा थप व्यवस्थापन गर्न नागरिक सहायता कक्ष (HELP DESK) को व्यवस्था गरिनेछ ।

१८) नेपालको संविधानको अनुसूची-८ र स्थानिय सरकार सन्चालन एन, २०७४ मा उल्लेख भए बमोजिम स्थानिय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरुमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१९) स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी बनाउँदै निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याई विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०) सेवाप्रवाहलाई सरलीकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिनेछ । जनतालाई सरल विधिबाट समयमै सेवा प्रदान गर्ने गरी नगरपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागु गरिनेछ ।

२१) जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी नगरवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढिकरण गरिनेछ ।

२२) पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ ।

२३) नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरुमा छिटो छरितो, चुस्त दुरुस्त र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीबाट सेवा प्रवाह गरिनेछ ।

२४) नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक लेखापरीक्षण गर्ने प्रबन्ध मिलाईनेछ ।सुचनाको हक प्रत्याभुत गराउन सुचनाको वर्गिकरण गरी नियमित रुपमा नगरपालिकाको आधिकारिक Website, Facebook Page मार्फत सुचना प्रकाशन गरिनेछ ।

२५) सन्चारकर्मीलाई उच्च मनोबलका साथ जनतालाई सुसुचित गर्न प्रोत्साहन गरिनेछ । जनतासँग मेयर जस्ता कार्यक्रम शुरुवात गरिनेछ । उत्कृष्ट सन्चारकर्मीलाई सम्मान गर्दै पत्रकारिता मैत्री नगरपालिकाको विकास गरिनेछ ।

२६) कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोबल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ।

२७) नगरपालिकामा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको लागि कर्मचारी स्वास्थ्य सुरक्षा कोष स्थापना गरिनेछ । साथै नगरपालिका र वडा कार्यालयमा आवश्यक कर्मचारीको प्रबन्ध मिलाइनेछ ।

**(ज) शान्ति तथा सु- व्यवस्था सम्बन्धी नीति तथा कार्यक्रम**

१) नगरपालिकाको मुख्य मुख्य बजारमा आवश्यक अध्ययन अनुसन्धान एवम् वडाको माग अनुरुप अस्थायी प्रहरी पोष्ट राखिनेछ

२) सवारी दुर्घटना न्युनीकरण गर्न, ट्राफिक व्यवस्थापन तथा चोरी निकासीमा कमी ल्याउनका लागि राजमार्गका मुख्य बजारमा सी.सी.टि क्यामरा जडान गरिनेछ ।

३) नगर प्रहरीको व्यवस्थापन गरी राजश्व संकलन, नगर सरसफाई, फोहोर व्यवस्थापन र नगरको शान्ति सुरक्षा र अमनचयनका लागि नगर प्रहरी भर्ना गरिनेछ।

४) निर्माण सामाग्री थुपारी सडक असुरक्षा बढाउने, सडक पेटी तथा सडक किनारमा पसल संचालन गर्ने, सडक किनारामा गोबरको गुइठा पराल लगायत अन्य सामग्री, सडकराजमार्गमा घरपालुवा जनावर बाध्ने र छाडा छोड्ने व्यक्तिलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

**(झ) योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी नीति तथा कार्यक्रम**

१) नगरमा संचालन हुनेविकासलाई प्राथमिकता निर्धारणगरी संचालन गरिनेछ ।

२) नगरपालिकामासन्तुलित र समावेशी विकास गर्ने कुरालाई प्राथमिकता गरिनेछ ।

३) योजनाहरु संचालन गर्दाजलवायु परिवर्तनसँग अनुकुलित हुने गरी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४) योजना संचालन गर्नु पूर्व उपभोक्ता समिति एवम् सम्बन्धित निकायलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

**(ञ) गरिवी निवारण तथा रोजगार सम्बन्धी नीति तथा कार्यक्रम**

१) स्थानीय सिप स्रोत साधन एवम् प्रविधिको प्रयोगलाई बढावा दिई व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम संचालन गरिनेछ ।

२) सीपमूलक तालिमलाई प्रोत्साहन गरी घरेलु उद्योग संचालन गरिनेछ ।

३) लघु उद्यम विकास कार्यक्रम मार्फत सीपमूलक तालिम संचलान एवम् प्रविधि हस्तान्तरण गरी रोजगार सिर्जना गर्न आवश्यक पहल गरिनेछ ।

४) महिला आदिवासी जनजाती थारु मुस्लिम दलित अल्पसंख्यक एकल महिला विपन्न समुदायलाई लक्षित गरी कार्यक्रमहरू संचालन गरिनेछ ।

५) गरिब र विपन्न महिलाहरुलाई माला र धुप तालिम सञ्चालन गरी नगरपालिका भित्र रहेका धुप र माला पसललाई उक्त महिलाहरुले उत्पादन गरेको धुप र माला खरिद गर्नको लागि पहल गरिनेछ ।

६) ढाका बनाउने तालिमको संचालन गरी ढाकाबाट बन्ने विभिन्न किसिमका कपडाको पर्यटन माझ बजारिकरण र प्रवर्द्धन गरिनेछ । साथै ढाकाको खादा बनाउन सिकाई नगरपालिका भित्र आवश्यक पर्ने विभिन्न कार्यक्रममा खादाको प्रयोग उक्त सहभागीबाट निर्मित खादाको प्रयोग गर्ने भनी सुचना प्रकासित गरिनेछ ।

७) प्रधानमन्त्री रोजगार कार्यक्रममा बेरोजगार व्यक्तिहरुलाई सुचिकृत हुन प्रोत्साहान गर्ने खालका कार्यक्रम संचालन गरिनेछ ।

८) प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत व्यक्तिहरुको लागि तालिम लगायत सीपमूलक कार्यक्रम संचालन गरिनेछ

९) वेत बाँस र बाँसबाट खेलौना, मुढा, कुर्सी, सोफा, टेवल, दराज तथा स्थानीय मुज घास बाट तयार हुने ढकिया मौनी जस्ता सामाग्री निर्माणको लागी तालिम सञ्चालन गरिनेछ ।

१०) लघु उद्मम विकास कार्यक्रम बाट सञ्चालित कुखुरापालन र बाख्रापालन तालिमका सहभागीहरुलाई स्तरोन्नति कार्यक्रम सञ्चालन र प्रविधि हस्तान्तरण गरी प्रोत्साहन गरिनेछ ।

११) कार्यक्रम सञ्चालन पश्चात अनुगमन समितिले अनुगमन गरी कार्य सञ्चालन/व्यवसाय सञ्चालन गर्दा हुने कठिनाई,समस्या आदिको अध्ययन गरी सामाधानको लागि पहल गरिने र उत्कृष्टलाई पुरष्कृत गरी प्रोत्साहान गरिनेछ ।

१२) वडा नं.१२ मा रहेका माटोका विभिन्न भाँडा बनाउनेहरुलाई आधुनिक प्रविधिहस्तान्तरण गरी व्यवसाय दर्ता गराई करको दायरामा ल्याइनेछ ।

१३) गरिब घरधुरी परिचय पत्र वितरण गरी लक्षित कार्यक्रममा उक्त तथ्यांकमा संलग्न नामावली विवरणलाई समावेस गरिनेछ ।

१४) नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट पारित भएको गरिबी निवारणको लागि लघु उद्यम बिकास कार्यक्रमको संचालन निर्देशिका २०७७ भित्र रहेको नीति नियम तथा ऐनको अधिनमा रही कार्यक्रमहरु संचालन गरिनेछ ।

**(ट) राजस्व सम्बन्धी नीति तथा कार्यक्रम**

१) नगरपालिकाको राजश्व सुदृढीकरण तथा परिचालनलाई भरपर्दो बनाउनका लागि विस्तृत अध्ययन गरी सुझावहरु सिफारिस गर्न राजश्व विज्ञहरुको सम्मिलित समिति गठन गरिनेछ ।

२) नगरपालिकाभित्र सञ्चालित व्यापार व्यवसायलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता तथा नबीकरण शिविर सञ्चालन गरिनेछ ।

३) सुचिकृत हुन आउने व्यवसायिक फर्म, निर्माण व्यवसायीलाई तोकिएको शुल्क लिएर मात्र सुचिकृत गरिनेछ ।

४) नगरपालिका क्षेत्रभित्र रहेका नदीजन्य पदार्थहरुको निकासी गरी राजश्व वृद्धि गर्न आवश्यक व्यवस्था मिलाईनेछ

५) माटो उत्खनन् तथा ईट्टाभट्टा व्यवसायको अनुगमन गरी कानूनको दायरामा ल्याईनेछ ।

६) नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको पर्यटन शुल्कलाई असुली गर्न लुम्बिनी विकास कोष लगायत अन्य सरोकारवाला निकायसँग समझदारी र सहकार्यका लागि पहल गरिनेछ।

७) कर तिर्ने सोच तथा बानी विकासका लागि करदाता शिक्षा अभियान सञ्चालन गर्ने ।

८) नगरपालिकामा राजश्व बुझाउन ई-पेमेन्टको व्यवस्था गरिनेछ ।

९) सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई उत्कृष्ट करदाताको रुपमा पुरस्कृत गरिनेछ ।

१०) नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभुत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणाली अवलम्बन गरी करको दर भन्दा दायरालाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरु तय गरिनेछ ।

११) राजश्व सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ । सम्पत्ति करलाई आन्तरिक आयको मूल स्रोतको रुपमा विकास गरिनेछ । स्थानीय तहलाई प्राप्त घर बहाल करलाई थप व्यवस्थित गर्न सम्बन्धित वडा कार्यालयले टोल विकास

संस्थाको समन्वयमा लगत तयार गर्ने र स्रोतसाधन सहित घरबहाल कर उठाउने व्यवस्था गरिनेछ । घरबहाल करमा बहुदर प्रणाली लागू गरिनेछ ।

१२) टेम्पो, अटो रिक्सा तथा रिक्साहरुलाई करको दायरामा ल्याउनको लागि पहल गरिनेछ ।

१३) लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण होटल व्यवसायीहरुलाई व्यवसाय करको दायरामा ल्याउनलाई पहल गरिनेछ ।

१४) वडा सचिव, तथा कम्प्यूटर अपरेटरहरुलाई राजश्व संकलन गर्न सुत्र सप्टवेयरको प्रयोग गरी राजश्व संकलन गर्ने तालिमको व्यवस्था गरिनेछ ।

**(ठ) कृषि विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१) बैदेशिक रोजगारमा जान खोजिरहेका युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न व्यावसायीक बाली सघनता अपनाएर आवश्यक तालिम, मल, बीउबिजन र माटो सुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागी हरियो मलको व्यवस्था गराई कृषि पेशामा रोजगारीको सिर्जना गरिनेछ ।

२) कृषकहरुको मागमा आधारित अनुदान कार्यक्रम बीउबिजन जैविक मल बिषादीहरु कृषि यन्त्र उपकरणहरु कृषक समुहहरुलाई अनुदानको व्यवस्था मिलाईनेछ ।

३) स्थानीय सम्भावनाका आधारमा एक वडा एक उत्पादन पकेट क्षेत्र र नमूना कृषि फर्म लाई अगाडि बढाईनेछ।

४) खाद्य सुरक्षा,खाद्यस्वच्छता प्रवर्द्धन तथा नियमन गर्ने कार्यविधी तयार गरी कार्यान्वयन गरिनेछ।

५) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषि पेशाको व्यवसायीकरण एवम विविधिकरणका लागि विकसित प्रविधिहरुको विषयमा तालिम संचालन गरी कृषि पेशालाई आकर्षक र सम्मानजनक पेशाको रुपमा स्थापित गराईनेछ ।

६) अत्याधिक रुपमा प्रयोग हुँदै आएको रासायनिक विषादिलाई निरुत्साहित गरी प्रत्येक वडामा बाली संरक्षण कार्यक्रम अन्तर्गत आकस्मिक सेवा, बालि उपचार, घुम्ती शिविर, जैविक विषादी सम्बन्धी तालिम

जनचेतनामुलक क्रियाकलापहरु जैविक खेतिलाई (organic farming) जोड दिईनेछ।

७) उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि कृषक पाठशाला, कृषक तथा प्राविधिक विच अन्तरक्रिया गोष्ठि, भूमिगत तथा सतह सिंचाईमा विशेष जोड दिईनेछ।

८) स्थानीय प्रजातिका कालानिमक धानबाट उत्पादित चामलको प्याकेजिङ्ग र ब्रान्डिङ्ग गरी राष्टिय तथा अन्तराष्टिय वजारमा बिक्रिवितरण गर्न निजी क्षेत्र र कृषक समुहलाई विशेष प्रोत्साहन गरिनेछ।

९) एक घर एक करेशाबारी एवंम पाँच कठ्ठा भन्दा माथी व्यवसायिक फलफुल खेति गर्ने कृषकहरुलाई विशेष अनुदानको ब्यवस्था मिलाईनेछ।

१०) कृषि कार्यक्रमलाई प्रभावकारी रुपमा सँचालन गर्नको लागि नगरस्तरिय कृषक सञ्जाल गठन गरिने छ ।

११) भर्मिक कम्पोष्ट मललाई प्रभाबकारी रुपमा अगाडि बढाइनेछ ।

१२) यस नगरपालिकालाई बिऊमा आत्मनिर्भर बनाउन बिज बृद्धि कार्यक्रमलाई अगाडि बढाइनेछ ।

**(ङ) विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१) विपद व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरी परिचालन गरिनेछ।

२) स्थानीय विपद व्यवस्थापन समितिलाईृ क्रियाशील बनाइ विपद पूर्ब तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

३) विपद व्यवस्थापनको लागि खोज तथा उद्धार सामाग्रीहरुको व्यवस्थापन गरी विपदमा परेका व्यक्तिहरुलाई यथाशीघ्र सेवा प्रदान गरिनेछ।

४) विपदमा परेका व्यक्तिहरुलाई राहत सामाग्री वितरण तथा अवस्था हेरी विपद व्यवस्थापन कोषबाट नियमानुसार १० देखि १५ हजार सम्म आर्थिक सहयोग प्रदान गरिनेछ।

५) विपद व्यवस्थापनमा तत्काल उद्धारका लागि त्तगष्अप च्भकउयलअभ त्भक गठन गरी आवश्यक तालिम प्रदान गरिनेछ।

६) विपद व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाल रेडक्रस सोसाईटी लगायतका गैरसरकारी सास्थाहरु समेतसाग समन्वय गरी उद्धार र राहत कार्यलाई अगाडि बढाईनेछ।

७) विपदमा परेका व्यक्तिहरुलाई राहत सामाग्री वितरणका लागि आवश्यक भण्डारणको व्यवस्थामा जोड दिईनेछ ।

८) प्रत्येक वार्डमा गठित वार्ड स्तरीय विपद व्यवस्थापन समितिलाई सक्रिय एवम् क्षमतावान बनाईनेछ ।

९) समुदाय स्तरमा विपदबाट सुरक्षित रहने उपायहरुको बारेमा आवश्यक सचेतनामूलक तालिमको व्यवस्था गरिनेछ ।

१०)एम्बुलेन्स र दमकललाई २४ घण्टा सञ्चालनमा ल्याउन चालक र सहयोगी कर्मचारीलाई तयारी अवस्थामा राखिनेछ ।

११)विपद एवम् जलवायु परिवर्तन न्युनीकरणका लागि तटबन्ध निर्माण, बृक्षारोपण, प्लास्टिक शून्य तथा समृद्धिका लागि वन जस्ता कार्यक्रमलाई अगाडि बढाई कार्यान्वयनमा ल्याईनेछ ।

१२)यस नगरपालिकामा स्थानीय आपतकालीन सञ्चालन केन्द्र (Fधभ्ऋ) स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ ।

## (ढ) पशु सेवा सम्बन्धी नीति तथा कार्यक्रम

१) पशुजन्य उत्पादनको लागत मुल्य घटाउनुको साथै स्वस्थ पशुपालन प्रणलीको विकास गर्न घाँस विकास कार्यक्रम प्राथमिकताका साथ संचालन गर्नका लागी अनुदानमा घाँसको विउ वितरण गरिने छ ।

२) पशु उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्न नश्ल सुधार कार्यक्रम प्राथमिकताका साथ संचालन गर्न कृत्रिमगर्भाधान सेवा र उन्नत प्रजातिका बाख्रा एवं बोका अनुदानमा वितरण गरिनेछ ।

३) खुला सिमाना भए सँगै सरुवा रोगको उच्च जोखिम भएकोले खोप सेवा कार्यक्रम उच्च प्राथमिकताका साथ
संचालन गरिनेछ।

४) वर्ड फ्लु, खोरेत, पि.पि.आर.जस्ता विषाणु युक्त रोगहरु जुनसुकै बेला आउट ब्रेक हुनसक्ने सम्भावना भएकोलेआकस्मिक पशुपंक्षी रोग निवारण कोष स्थापना गरिनेछ ।

५) पशु स्वास्थ्यलाई मध्यनजर गर्दै निःशुल्क पशु स्वास्थ्य शिविर, वाझोपन निवारण शिविर संचालन गरिनेछ ।

६) कृषकहरुलाई सीप हस्तान्तरणद्वारा आधुनिक पशुपालन पद्धति विकास पशु विकासका लागी पशु उद्यमी कृषकलाई विभिन्न तालिमको व्यवस्था गरिनेछ ।

७) पशुपालन क्षेत्रको विकासमा कृषक समुह, समिति, सहकारी, गैर सहकारी संस्था र नगरपालिका बीच साझेदारीगरिनेछ ।

८) दलित, जनजाती तथा विपन्न वर्गलाई विशेष प्राथमिकताका साथ कार्यक्रम तर्जुमा गरिनेछ ।

९) व्यवसायिक पशुपंक्षी तथा मत्स्य पालक कृषक समुह, फर्महरुको लागी अनुदानमा फर्म प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।

१०) नगरपालिकामा दुध तथा दुग्धजन्य पदार्थमा आत्म निर्भर बनाउदै लैजाने र डेरी पकेट कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

११) दूधको फैट जाँचको आधारमा न्युनतम समर्थन मुल्य तोकिनेछ ।

१२) पशुपंक्षी पालनमा जोड दिई मासु आयात रोकि निर्यातमा जोड दिईनेछ ।

१३) व्यवसायिक पशुपालन मार्फत रोजगार सृजना गरि युवाहरुलाई नगर भित्रै स्वरोजगार बनाउनका लागी प्रतिस्पर्धी अनुदान उपलब्ध गराई युवा लक्षित पशुपालन कार्यक्रम संचालन गरिने छ ।

१४) व्यवसायिक माछापालन कार्यक्रमलाई प्रवर्द्धन गर्न सार्वजनिक पोखरीहरुको ठेक्का बन्दोबस्त मिलाईनेछ ।

१५) व्यवसायिक तथा व्यवस्थित माछा पालनलाई प्रोत्साहित गरिनेछ । स्थानीय सम्भाव्यताका आधारमा माछापकेट कार्यक्रम संचालनमा जोड दिईनेछ ।

१६) पशुपंक्षी बिमाको बारेमा अध्ययन गरी प्रिमियम अनुदानको व्यवस्था मिलाईनेछ ।

१७) पशु हाटबजारलाई थप व्यवस्थित गरिनेछ ।

१८) शान्तीका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी विकास कोषको पर्खाल वरिपरि पशु वध गर्ननपाईने व्यवस्था मिलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१९) नगरपालिका क्षेत्र भित्र खुला रुपमा पशु वध गर्न नपाईने व्यवस्था कार्यान्वयन गरिनेछ ।

२०) नगरक्षेत्र भित्र रहेका मासु व्यवसायीहरुको नियमितरुपमा अनुगमन गरी स्वस्थ र स्वच्छ मासु विक्री वितरण गराउन आवश्यक पहल गरिने छ।

२१) नगर क्षेत्र भित्र पशु बधशाला स्थापनाका लागी आवश्यक परियोजना तयार गरी संचालनमा ल्याउन निजीक्षेत्रलाई आकर्षित गरिनेछ ।

**(ण) लैंगीक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१) समताको आधारमा आयमूलक, रोजगारमूलक र कार्यमूलक तालिम व्यवस्था गरी क्षमता विकास गरिनेछ ।

२) महिला, आदिवासी, जनजाती, थारु, मुस्लिम, दलीत, यौनीक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त तथा विपन्न समुदायलाई लक्षीत गरी उनीहरुको क्षमता विकास, शसक्तिकरण र उत्थानमा सहयोग पुग्ने कार्यक्रमहरु संचालन गरी मुलप्रवाहमा ल्याइनेछ ।

३) सबै किसिमका सामाजिक विभेद (लैङ्गिक, जातीय, क्षेत्रीय, धार्मीक, भाषिक सौँस्कृतिक जस्ता), र शोषणहरुलाई निषेध एवं आर्थिक विभेदलाई निरुत्साहित गरिनेछ ।

४) लैङ्गिक तथा घरेलु हिंसा, यौनशोषण, दुर्व्यवहार, बालविबाह लगायत जोखिममा परेका बालबालिका , अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा योनीक अल्पसंख्यकलाई दृष्टिगत गरी अवसर सहित प्रवर्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।

१) परम्परागत पेशा, सीप र व्यवसायलाइ प्रोत्साहित गरिनेछ, गरिवी न्युनीकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै लगिनेछ ।

२) लैङ्गिक हिंसा निवारणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३) हिंसा पिडित महिलालाई मनोसामाजिक परामर्श तथा पूनर्स्थापनाका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

४) लैङ्गिक हिंसा विरुद्ध न्याय प्राप्ति प्रकृया बारे अवगत गराउन महिला कानुनी साक्षरता अभियान सञ्चालन गरिनेछ ।

५) यस नगरपालिकाको न्यायिक समितिमा आउने महिला हिंसा सम्बन्धी उजुरीहरु सुनुवाईका लागि महिला मैत्री वातावरण मिलाइनेछ ।

६) महिला शसक्तिकरण शिक्षामा महिलाको पहुँच, महिला हिंसा, अन्ध विश्वास र रुढीवादी प्रथाका विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

७) महिला माथि हुने आर्थिक, सामाजिक, घरायसी भेदभाव, बालविवाह र अनमेल विवाहलाई निरुत्साहित गर्न बालिका सुकन्या धन योजना र मेयर कन्या विवाह योजना कार्यक्रमलाई निरन्तरता दिईने छ ।

८) अपाङ्ग लक्षीत कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९) सामाजिक विकृति, दाइजो, र बाल बाल विवाह जस्ता कुप्रथाको निरुतसाहन गरिनेछ ।

१०) 'ग' वर्गको अपाङ्गता भएका व्यक्तिलाई मासिक रु ५०० सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिनेछ ।

**(त) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा कार्यक्रम**

१) नगरपालिकाको सबै वडाहरूमा स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धतामा जोड दिइनेछ।

२) खानेपानी तथा सरसफाइ योजना (WASH Plan)लाई निरन्तरता दिइनेछ।

३) खानेपानी तथा सरसफाइ क्षेत्रमा लगानी तथा कार्य गर्न चाहने हरेक निकायले नगरपालिकाको योजना अन्तर्गत रहेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

४) प्रत्येक वडामा कम्तीमा एउटा खानेपानी ओभरहेड ट्याङकी बनाई खानेपानी वितरण गर्न पहल गरिनेछ।

५) आर्सेनिक तथा किटाणु युक्त पानीको प्रयोग हटाई सुरक्षित खानेपानीको प्रयोग, व्यक्तिगत सरसफाई, फोहोरमैला व्यवस्थापन रसुरक्षित शौचालय प्रयोगका लागि जनचेतना मूलक कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ।

६) टोल विकास सँस्थाहरुलाई फोहोरमैलाको वर्गिकरण, सङ्कलन, प्रशोधन एवं पुनः प्रयोग सम्बन्धी तालिम प्रदान गरी गाँउ टोलमा पूर्ण सरसफाई अभियान चलाइ फोहरमैलाको व्यवस्थापन गरिनेछ।

७) नगर क्षेत्र भित्र उत्सर्जित फोहोरमैला व्यवस्थापन गर्न संभाव्यता अध्ययन गरी सार्वजनिक निजि साझेदारी (Public Private Partnership)को अवधारणा अनुरुप व्यवस्थापन गरिनेछ।

८) टोल विकास सँस्थाहरुको समन्वयमा नगर क्षेत्र भित्रका हरेक टोल, वस्ती, विद्यालय तथा सार्वजनिक क्षेत्र एवँ संघ संस्थाहरुलाई स्वच्छ सफा र हराभरा बनाउन **स्वच्छ नगरः स्वस्थ नागरिक** नारा सहित **मेयर नगर सरसफाई अभियान**को रुपमा सरसफाई कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ।

९) पशुपन्छी तथा भान्सा जन्य कुहिने वस्तुहरुको पहिचान गरी प्राङ्गारिक मल बनाउन प्रोत्साहन गरिनेछ।

१०) कुनै पनि निकायबाट खानेपानीको हैन्डपम्प जडान गर्दा कम्तीमा १६० फिट गहिरो हुने गरी र नगरपालिकाको अन्य मापदण्ड अनुसार गर्ने गरी व्यवस्था गरिनेछ।

११) घोषित खुला दिसामुक्त क्षेत्रको अनुगमन गरी सुधार गरिनेछ।

१२) गाँउ टोलमा पूर्ण सरसफाई अभियान चलाइनेछ।

१३) शौचालय प्रयोगमा निरन्तरता ल्याउन जनसमुदायलाई प्रोत्साहन गरिनेछ।

१४) बिद्यालय मार्फत सरसफाईका कार्यक्रमहरु परिचालन गराउन जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१५) वाश शाखालाई तोकिए बमोजिम निरन्तरता दिइने र वास कार्यकमलाई अगाडि बढाउँदै लैजानेछ।

१६) यस न.पा भित्रको मुख्य–मुख्य चोकहरुमा क्रमशः सार्बजनिक शौचालय तथा खानेपानीको निर्माण

१७) यस न.पा. भित्र रहेका स्वास्थ्य चौकीहरुमा शौचालय, खानेपानी तथा त्यहाँबाट निस्किने फोहोरमैलाको व्यवस्थापन गरिनेछ।

१८) नगरभित्र सरसफाइकर्मी नियुक्त गरी परिचालन गरिनेछ।

१९) यस नगरपालिका भित्र निस्केका विभिन्न किसिमका फोहरमैलाको वर्गीकरण सँकलन तथा फोहोरमैला व्यवस्थापनको लागि डम्पिङ्ग साइटको छनौट गरी सोको व्यवस्थापन कार्य आधुनिक एवँ वैज्ञानिक ढँगले गरी परिचालनमा ल्याइनेछ।

२०) हरेक किसिमका फोहोर सँकलनका लागि चोक चोकमा डस्टबिनको व्यवस्थापन गरिनेछ।

२१) यस नगरपालिकालाई प्लास्टिक शून्य बनाउन अभियान चलाईनेछ।

## (थ) पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१) निजी क्षेत्र र पर्यटनका क्षेत्रमा काम गर्ने संघ संस्था (लुम्बिनी होटल संघ) समेतको सहभागितामा नगरभित्र पर्यटनका सम्भावना पहिचान गरी पर्यटक आकर्षण गर्न मौलिक, संस्कृतिको विकास र प्रवर्द्धन गर्ने गरी पर्यटन पुर्वाधारको विकास गरिनेछ।

२) **लुम्बिनीः शान्ति र ज्ञानको जननी** भन्ने नाराका साथ राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा निरन्तर प्रचारप्रसार गरिनेछ। नगर कार्यपालिका कार्यालय अन्तर्गत स्थापित लुम्बिनी सांस्कृतिक पर्यटन

सुचना केन्द्रलाई सरोकारवालाहरु लुम्बिनी विकास कोष र लुम्बिनी होटल संघको समन्व र सहकार्यमा थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ।

३) लुम्बिनी क्षेत्रको पर्यटन विकास एवं बुद्ध जन्मस्थलको प्रचारप्रसार र बुद्धको जीवनी सँग सम्बधित विषयमा लुम्बिनी विकास कोष, लुम्बिनी बौद्ध विश्व विद्यालय र लुम्बिनी होटल संघ सँग समेत समन्वय र सहकार्य गरि अध्ययन अनुसन्धान गरिनेछ र पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

४) नगरपालिका भित्र रहेका ऐतिहासिक, पुरातात्विक एवं साँस्कृतिक महत्वका सम्पदाहरुको खोजी, पहिचान, संरक्षण एवं प्रचारप्रसार र सम्वर्धन गर्ने र पर्यटन सामाग्री निर्माणका लागी विज्ञहरुको परिचालन गरिनेछ।

५) लुम्बिनी प्रदेश सरकारले लुम्बिनीलाई केन्द्रमा राखेर आ व २०८० -०८१ का निम्ति नीत तथा कार्यक्रम कार्यक्रम र बजेटमा समावेश गरेको लुम्बिनी भ्रमण दशक, वृहत बुद्ध सर्किट, लुम्बिनीको माटो पानी प्रयोग गरी कोसेली उत्पादन, रैथाने खानाको गुणस्तर वृद्धि र बजार प्रवर्द्धन, लुम्बिनी भ्रमणमा आउने तीर्थ यात्रीहरु र पर्यटकको बसाइ अवधि लम्ब्याउने लगायतका कार्यक्रमहरुमा नगरपालिकाले समन्वय र सहकार्य गर्ने छ ।

६) लुम्बिनी सांस्कृतिक नगरकार्यपालिकामा मुख्य केन्द्र रहेको लुम्बिनी बौद्ध विश्वविद्यालय सँग नगरवासीहरुको हित, कल्याण, शिक्षा तथा ज्ञानका क्षेत्रमा श्री बृद्धि हुने गरी , साथसाथै पर्यटन र संस्कृतिका क्षेत्रमा मिलेर काम गर्न आवश्यक सहयोग कायम गरिने छ ।

७) बौद्ध सांस्कृतिक संवेदनशीलताको विकास, बौद्ध आध्यात्मिक वातावरण निर्माणका माध्यमबाट लुम्बिनीको पर्यटन विकास गर्न सार्वजनिक निजी साझेदारी मार्फत परियोजना सञ्चालन : लुम्बिनीमा अधिकतम रोजगारी र स्वरोजगारीको सृजनामा बल पुग्ने, पर्यटकको बसाइ अवधि लम्ब्याउन सहयोग पुग्ने बिबिध परियोजना र कार्यक्रम सञ्चालन गर्न सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गर्ने नीति लिइने छ ।

८) ईकोगार्डेन निर्माण, वेटल्याड संरक्षण, पोखरी संरक्षण र सौन्दर्यीकरण गरी विभिन्न प्रजातिका चराहरुको आगमन र बसाईमा जोड दिईनेछ ।

९) पूर्वाधार विकास गरी आमा बनबाटिकालाई **पर्यटन केन्द्र** (**Tourism Center**) को रुपमा विकास गरिनेछ।

१०) लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धन र **पर्यटकीय विकेन्द्रिकरण**( **Tourism Decentralization** ) गर्नको लागि लुम्बिनी विकास कोष, लुम्बिनी होटल संघ र अन्य सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

११) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई नगर क्षेत्रभित्र रहेका पर्यटकीय स्थल तथा सेवा सम्बन्धी जानकारी गराउन स्थापित **पर्यटन सूचना केन्द्** **(Tourism Information Center)** स्थापना गरि आवश्यक जनशक्ति र स्रोत साधनको प्रवन्ध गरिनेछ।

१२) लुम्बिनी क्षेत्रको हस्तकलाको प्रवर्द्धन र विकास र बजारिकरणका लागि क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

१३) लुम्बिनीको इतिहास र पहिचान सँग जोडिएको **रुमिन्देइ माई मेलालाई** थप व्यवस्थित र मर्यादित बनाई आन्तरिक पर्यटन प्रबर्द्धन गरिनेछ ।

१४) लुम्बिनी क्षेत्रका पर्यटन व्यवसायी, होटेल संघ, उद्योग बाणिज्य संघ तथा अन्य सरोकारवालाहरु समेतको सहभागितामा **लुम्बिनी सडक खाना महोत्सव** आयोजना मा समन्वय /सहकार्य गरिनेछ ।

१५) नगरक्षेत्र भित्र रहेका टोल विकास संस्था समेतको समन्वयमा **होम स्टे ( Home Stay)** सेवा सञ्चालन गर्न मापदण्ड बनाई व्यवसाय दर्तामा पूर्ण छुट सहित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१६) पर्यटन विकासका लागि लुम्बिनी देखि भारतको बोधगया, सारनाथ, श्रावस्ती, कुशीनगर, अयोध्या City सँग सम्पर्क, समन्वय र सम्बन्ध विस्तारमा पहल गरिनेछ।

१७) प्रर्यटन प्रवर्द्धन र विकासका लागी लुम्बिनी विकास कोष, लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल/स्पेन र लुम्बिनी क्षेत्र वरिपरिका पालिक र सहकार्य पालिकाहरु सँग समन्वय र सहकार्य गरिनेछ।

१८) लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका नदीकिनारा, ताल तलैया, पोखरीको सुन्दरीकारण एवं आधुनिक पार्कहरू निर्माण गर्न पहल गरिनेछ ।

१९) लुम्बिनी क्षेत्रको पर्यटकीय स्थल एवं साँस्कृतिक सम्पदाको बारेमा जानकारी गराउन एवं पर्यटकहरुलाई सहजीकरण गर्न स्थानीय **Tourist Guide**तयार गर्न लुम्बिनी होटल संघ एवं पर्यटन व्यवसायीहरु सँगको सहकार्यमा तालिमको व्यवस्था मिलाइनेछ ।

२०) लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासमा सहकार्य सस्था लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन / नेपाल र ईन्द्रेणी सास्कृतिक सघ टेक्सास अ्मेरिका र सन्स्थागत सम्बन्ध कायम भएका राष्ट्रीय अन्तराष्ट्रीय City / पालिका सङ्ग समन्वय, सहकार्य र अनुभवको आदानप्रदान गरिनेछ ।

२१) लुम्बिनी साँस्कृतिक नगरपालिकाको पर्यटन सुचना केन्द्रमा लुम्बिनी भ्रमण दशक सफल पार्न आवश्यक भौतिक तथा मानवीय स्रोतको व्यवस्थापन गरिनेछ।

## (द) वन, वातावरण, जलवायु तथा भू संरक्षण सम्बन्धी नीति तथा कार्यक्रम

१) यस नगरपालिका क्षेत्रमा निजी तथा सामुदायिक वन, खाली तथा बाँझो जग्गामा व्यापक बृक्षारोपण कार्यक्रममा बिशेष जोड दिईनेछ ।

२) जलवायु परिवर्तनका असरहरु न्युनीकरण तथा अनुकूलनका लागि स्थानीय सम्भाव्यताका बालीनाली लगाउन प्रोत्साहन गरिनेछ ।

३) नदी यिन्त्रण तथा श्रोत सँरक्षणका लागि आवश्यकता अनुसार तटबन्ध निर्माण तथा बाताबरण सँरक्षणका लागि आवश्यक कार्यक्रम सन्चालन गर्दै लगिनेछ ।

४) नदी कटानलाई नियनत्रण गर्न बायो ईन्जिनियरिङ्ग अवलम्बन गरिनेछ ।

५) तेलार नदी, कोठी नदी र कोइलिहवा नदीमा ठाउँ ठाउँमा आवश्यकता अनुसार बाँध निर्माण गरी पानीको रिचार्ज र सिँचाईको वयवस्था गरिनेछ ।

६) यस नगरपालिका क्षेत्र भित्रका घरहरुमा जडीबूटी, औषधीजन्य विरुवा तथा निजी वन लगाउनेलाई प्रोत्साहन गरिनेछ ।

७) ५० लाखभन्दा माथिका आयोजनाहरुमा अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्याङ्कन ( EIA) गरिनेछ

८) नगरपालिका भित्र चराचुरुङ्गी लगायतका जीवजनतु एवँ बोट विरुवाका प्रजातिहरुको सँरक्षण एवँ पारिस्थितिक प्रणालीलाई जोगाई राख्न वातावरण तथा सिमसार क्षेत्रको सँरक्षण गरिनेछ ।

९) नगरपंक्षीको रुपमा रहेको सारसको सँरक्षण गर्नको लागि नगरपंक्षी सँरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) लुम्बिनी साँस्कृतिक नगरलाई Green and clean cityको रुपमा विकास गर्न सर्बजनिक जग्गाको सँरक्षण गरी निजी तथा सामुदायिक वन विकास तथा नर्सरीका लागि प्रक्रिया अगाडि बढाई कार्यान्वयनमा ल्याइनेछ ।

११) पर्सा महिलवार तथा खुनगाई जस्ता महत्वपूर्ण बजार क्षेत्रहरुमा धुाँवा, धुलो र फोहरमैला रहित बनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१२) ट्राफिक प्रहरीको समेत समन्वयमा सवरी साधनको प्रदूषण मापन गरी ताकिएको मापदण्ड लागू गरिनेछ ।

१३) वातावरणलाई जोगाई राख्न कम्तीमा एक घर एक विरुवाको अवधारणा ल्याईनेछ ।

**(ध) तथ्यांक प्रणाली सम्बन्धी नीति तथा कार्यक्रम**

(१) नगर क्षेत्र भित्र निर्माण हुने योजना तथा निर्णय प्रक्रियालाई वस्तुगत तथ्यांकमा आधारित तुल्याउन नगर प्रोफाइललाई पूर्णता र अध्यावधिक गरिने छ ।

(२) व्यवस्थित गाउँ तथाशहर निर्माणको लागि डिजिटल हाउस नाम्बरिगको कार्य अगाडी बढाइने छ ।

(३) समग्र पूर्वाधार विकासको लागि आर्थिक मुल्यांकनको प्रक्रिया अगाडी बढाउन नगरस्तरिय तथ्यांक संकलनको प्रक्रिया अगाडी बढाइने छ ।

(४) सार्वजनिक निजि साझेदारीका आधारमा संचालन गर्न सकिने योजनाहरुको अभिलेखीकरण गरि कार्यान्वयन गर्ने नीति लिइनेछ ।

(५) नगरको तथ्यांक र अभिलेखलाई व्यवस्थित गर्न नगरपालिकाका सबै प्रकारका आवश्यक सूचनामूलक सामग्रीको दस्ताबेजिकरण गर्नुका साथै सूचना प्रविधि शाखा /योजना शाखालाई तथ्यांक भण्डारण गर्ने शाखाको रूपमा विकशित गरिनेछ ।

(न) सूचना प्रविधि सम्बन्धी नीति

(१) कार्यालयमा अफिस आटोमेसनसिस्टम सन्चालनमा प्राथमिक्ता दिईनेछ।

(२) स्थानिय सरकारवाट प्रधान गरिने सेवालाई जनउत्तरदाई बनाऊन नगरपालिका र प्रत्येक वडाकार्यालयहरुमा डिजिटलनागरिक वडा पत्र, हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनुवाई र कार्यप्रणालीलाई पारदर्शी बनाईनेछ।

(३) नगरपालिकाका मुख्य चोकहरुमा**CCTV Camera**जडान गरि शान्ति सुरक्षा प्रभावकारी बनाईनेछ ।

(४) नगरपालिका तथा सबै वडा कार्यालयहरुमा साथै सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी जडान गरि**Software** को माध्यमवाट नगरपालिकाबाटै अनुगमन गर्ने व्यवस्था मिलाईने छ।

(५) नगरपालिकाबाट प्रदान गरिने सेवालाई जनतासमक्ष् छिटो छरितो रूपमा पुर्याउन मोबाइल एपलाई प्रभावकारी बनाइने छ।

(६) सूचनाप्रविधि शाखालाइ विभिन्न कार्यक्रममा फोटो खिच्न आवश्यक परेकोले राम्रो **Camera**को व्यवस्था गरिनेछ।

(७) नगरपालिकाको लागि डिजिटल होडिंग बोर्डको व्यवस्था गरिनेछ ।

(८) सूचनाप्रविधि शाखालाइ दराज, ल्यापटप, रैकआदि को व्यवस्था गरिनेछ।

(प) राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय, सहकार्य र सम्बन्ध विस्तार सम्बन्धी नीति ।

१) नगरको समग्र विकासलाई केन्द्रमा राखी विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्म भएको र विश्व सम्पदामा सुचिकृत स्थल भित्र रहेको यस लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका पालिका/Cityसरकारी एवं गैर सरकारी संघ संस्थाबीच भगिनी सम्बन्ध तथा सह-सम्बन्ध कायम गरिदै आएकोमा थप संस्थागत सम्बन्ध विस्तार गरिनेछ ।

२) लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासका लागी राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, सहयोग र अनुभवको आदानप्रदानका लागि लुम्बिनीको प्रचारप्रसार महत्वपूर्ण भएको हुदाँ अन्तर्राष्ट्रिय स्तरका संघ संस्थाको सहकार्यमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, अन्तरक्रिया र समन्वय सहकार्य सम्बन्धी समन्वय बैठकको आयोजना गरिनेछ।

३) लुम्बिनी र लुम्बिनी वरिपरि(बुद्ध सर्किट)को क्षेत्रको विकासका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको आर्थिक तथा प्राविधिक सहयोग र अनुभवको आदानप्रदान गर्ने नगरपालिकाको नीति अनुसार भारतको बोधगया र कुशीनगर, युरोपको स्पेनका माड्रीड महानगरपालिका, Caceres City Council नगरपालिका, लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन/नेपाल, चिनको छङ्दु प्रान्तको लशान नगरपालिका, अन्तराष्ट्रिय बौद्ध संस्था चुजी फाउन्डेसन (Tzu Chi Foundation), सँग

यस नगरपालिकाको संस्थागत सम्बन्ध कायम भएको छ स्थापित सम्बन्धलाई थप सुदृढ बनाई समग्र नगरको विकासमा उपयोग गरिनेछ।

४) नगरपालिकाको पर्यटन, शिक्षा, खेलकुद, संस्कृति, स्वास्थ्य, कृषि लगायत एकीकृत विकासका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सहकार्य गरिनेछ ।

५) लुम्बिनी र नेपालको पर्यटनको विकासका लागि विश्व शान्तीका अग्रदुत भगवान गौतम बुद्धको जिवनसँग सम्बन्धित देवदह, रामग्राम, कपिलवस्तु र सहकार्य पालिकाहरुसँग समन्वय र सहकार्य गरी पर्यटन प्रवर्द्धन र विकासका कार्यक्रमको योजना बनाई कार्यान्वयन गरिनेछ।

६) लुम्बिनी प्रदेश सरकारले लुम्बिनीको महत्व, प्रतिष्ठा र अन्तर्राष्ट्रिय जगतमा यस्को ख्याति बढाउन सुरु गर्ने घोषणा गरेको लोरेट एण्ड लिडर कार्यक्रम सफल तुल्याउन लुम्बिनी सांस्कृतिक नगरपालिकाले प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने छ ।

७) लुम्बिनी भ्रमणमा आउने विभिन्न देशका राष्ट्र प्रमुख, सरकार प्रमुख, संयुक्त राष्ट्र संघका महासचिव लगायत विशिष्ट व्यक्तिहरु, बौद्ध विद्वान, गुरुहरु र सांस्कृतिक दृष्टिबाट विशिष्ट व्यक्तिहरुलाई लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगरवासीहरुका तर्फबाट नागरिक अभिनन्दन, नगरको मानार्थ सम्मानित सदस्य वा लुम्बिनी नगरको साँचो हस्तान्तरण लगायतका उपयुक्त माध्यमबाट सम्मान गर्ने परम्पराको थालनी गरिने छ ।यसका निम्ति लुम्बिनी विकास कोष, प्रदेश सरकार र आवश्यक पर्दा संघ सरकार सँग समन्वय र सहकार्य गरिने छ ।

८) मायादेवी विहार / मन्दिरको दर्शन, भ्रमणमा आउने विभिन्न देशका प्रतिनिधि, राजदूत, सरकारी प्रतिनिधि मण्डल,उच्च, विशिष्ट र महत्वपूर्ण व्यक्तिको भ्रमणका समयमा अतिथि सत्कार र स्वागतमा लुम्बिनी सांस्कृतिक नगरपालिकाको उपस्थिति र प्रतिनिधित्व हुन सकोस् भन्नका निम्ति संघीय सरकार र लुम्बिनी विकास कोष सँग समन्वय गरिने छ

९) भगवान बुद्धको जन्मस्थल लुम्बिनी र महापरिनिर्वाण स्थल कुसिनगरका बीच सिधा यातायात सम्पर्क कायम गराउन गत वर्ष राखिएको कार्यक्रमलाई निरन्तरता दिँदै यस वर्ष प्रदेश सरकार सँगको सहकार्यमा थप प्रभावकारी बनाइने छ ।

१०) लुम्बिनी र भगवान बुद्ध सँग प्रत्यक्ष सम्बन्ध रहेको जनवादी गणतन्त्र चीनको पञ्चशीर्ष पहाड ( उथाईसान पर्वत सृङ्खला ) रहेको सिन्चाउ नगर सँगको सस्थागत सम्बन्ध/भगिनी सम्बन्धलाई थप सम्बन्धसम्बन्ध/मजबुत र विकास गरिने छ ।

११) लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासका लागी राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, सहयोग र अनुभवको आदानप्रदान गर्न लुम्बिनीको प्रचारप्रसार महत्वपूर्ण भएको हुँदा यस विषयलाई ध्यानमा राखी स्पेनको एक्स्त्रेमादुरा प्रदेशको केसरेस (Caceres City Council) नगरपालिकामा

स्पेन सरकार, लुम्बिनी साँस्कृतिक नगरपालिका र केसरेस (Caceres City Council) नगरपालिकाको सहकार्यमा लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन/नेपालद्वारा निर्माण हुन लागेको लुम्बिनी बुद्ध गार्डेन परियोजनामा आवश्यक प्राविधिक तथा साँस्कृतिक सहयोग आदान प्रदान गरिनेछ।

१२) लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकास, राष्ट्रिय अन्तराष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न, राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका लागी लुम्बिनीको राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसारलाई ध्यानमा राखी सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनको सहयोग र सहजिकरणमा नेपालको ललितपुरमा स्थापित सम्पर्क, समन्वय कार्यालय एवं लुम्बिनी पर्यटन सुचना केन्द्र र स्पेनको म्याड्रिडमा स्थापित अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क, समन्वय, सम्बन्ध विस्तार कार्यालय एवं लुम्बिनी पर्यटन सुचना केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।

१३) लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासका लागी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार सम्बन्ध विस्तार, सहयोग र अनुभवको आदानप्रदान गर्न City of Euless and City of Irving Texas USA सँग सह सम्बन्ध एवम् भगिनी सम्बन्ध कायम गरि सहकार्य गरिनेछ।

१४) लुम्बिनी र नेपालको कला, धार्मिक, सँस्कृतिको प्रचारप्रसार, सरक्षण एवम् पर्यटन प्रवर्द्धन र विकासका लागी City of Euless and City of Irving Texas USA मा स्थापित Indreni Cultural Association Texas USA सँग संस्थागत सम्बन्ध कायम गरी सहकार्य गरिनेछ ।

१५) लुम्बिनी र नेपालको कला, धार्मिक, सँस्कृतिको अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार, संरक्षणका लागी City of Euless and City of Irving Texas USA मा स्थापित एवं संचालित Nepali Cultural and spiritual center NCSC/बौद्धविहार/मन्दिर सँग पर्यटन प्रवर्द्धन र सँस्कृतिको प्रचारप्रसार र संरक्षणमा संस्थागत सम्बन्ध कायम गरी सहकार्य गरिनेछ ।

१६) अमेरिकामा लुम्बिनी र नेपालको प्रचार प्रसार, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, लुम्बिनीमा पर्यटन प्रवर्धन र विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न Indreni Cultural Association Texas र Nepali Cultural and spiritual center NCSC, Irving and Euless City को समन्वय, सहकार्य र सहजीकरणमा Irving and Euless City Texas USA मा अन्तर्राष्ट्रिय स्तरमा लुम्बिनीको सम्पर्क समन्वय, सम्बन्ध विस्तार कार्यलय एवं पर्यटन सुचना केन्द्र स्थापना गरिनेछ।

१७) लुम्बिनीको प्रचारप्रसार, पर्यटनको प्रवर्धन र विस्तार तथा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा समन्वय, सहकार्य, सम्बन्ध विस्तारका लागी लुम्बिनी साँस्कृतिक नगरपालिकामा स्थापित समन्वय शाखालाई थप प्राविधिक, भौतिक एवं मानवीय स्रोतको व्यवस्था गरि थप प्रभावकारी बनाईनेछ ।

**(फ) वित्तीय सुशासन सम्बन्धी नीति तथा कार्यक्रम**

१) भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीतिलाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ ।

२) नगरपालिकाबाट प्रदान गरिने पेश्कीलाई निरुत्साहित गर्दै सिधै भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ ।

३) राजश्व प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सुत्रमा भएको नयाँ राजश्व मोड्युलको कार्यान्वयन यथासक्दो छिटो र प्रभावकारी रुपमा सन्चालन गरिनेछ ।

४) राजश्व प्रणालीलाई पुरस्कार र दण्ड प्रणालीसँग आवद्ध गरिनेछ ।

५) नगरपालिकाले निर्माण गरेको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै थप मजवुद बनाउदै लगिनेछ ।

६) नगरपालिकाको बेरुजु फछ्यौट गर्न छिटै नै बेरुजु फछ्यौट सम्बन्धी कार्यविधि निर्माण गरिनेछ ।

७) यस नगरपालिकाबाट भएको खर्च सम्बन्धमा मासिक रुपमा नै प्रतिवेदनहरुलाई नगरपालिकाको वेभसाइड मार्फत सार्वजनिक गर्ने नीति अवलम्बन गरिने छ ।

८) नगरपालिकाको जनशत्तिले नसक्ने अवस्थामा मात्र यस नगरपालिकाबाट विभिन्न सघ सस्थाहरुद्वारा सन्चालन गरिने लक्षित वर्गका कार्यक्रमहरुमा कम्तिमा ३० प्रतिशत साझेदारी गरी भ्याटमा दर्ता भएका सस्थाहरुबाट मात्र कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ ।

९) खरिद प्रणालीलाई पारदर्शी, बस्तुनिष्ट र प्रतिस्पर्धी बनाउन इ विडिङग प्रणालीलाई अवलम्बन गरिनेछ ।

१०) कोटेशन मार्फत सन्चालन गरिने योजनाहरुलाई एकै प्रकृतिका कामहरु एकिन गरी प्याकेजमा ठेक्का लगाईने छ ।

११) योजनाहरुको अनुगमन प्रणालीलाई थप वस्तुनिष्ट र पारदर्शी बनाउन तेस्रो पक्षबाट पनि अनुगमन गराई मात्र भुक्तानी गर्ने नीति अवलम्बन गरिनेछ ।

(ब) न्याय तथा न्यायिक समिति सम्बन्धी नीति

१) 'सानातिना झैझगडा विवाद मिलाउने, सार्वजनिक सम्पती अतिक्रमण रोक्न, टोलको सरसफाई गर्ने, सामाजिक विकृति नियन्त्रण गर्न सामाजिक अनुशासन कायम गरिनेछ।

२) न्यायिक समितिको कार्य सम्पादनलाई नागरिकले न्यायको अनुभूति गर्न पाउने गरी थप प्रभावकारी बनाइनेछ।

३) इजलास निर्माण गरिनेछ, न्यायिक समितिका पदाधिकारी हरुको क्षमता विकासका लागि आवश्यक तालिमको प्रबन्ध गरिनेछ।

४) नगरपालिकाको न्यायिक कार्य सम्पादन प्रकृयालाई डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।

५) न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास लागि आवश्यक तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

६) न्यायिक समितिले गरेको न्याय निरुपण कार्यलाई थप प्रभावकारी तथा कार्यन्वयन गराउन पालिका क्षेत्रको शान्ति सुव्यवस्था अमनचयन एवम् नगर कानूनको कार्यान्वयन लाई थप सहज र प्रभावका गरी बनाइनेछ।

७) न्यायिक समितिमा रहेको कर्मचारी पद रिक्त भएको ठाउँमा कर्मचारी को व्यवस्था मिलाइनेछ ।